annapurnapost.com
# अन्नपूर्ण पोस्ट

वर्ष २३, अंक २४३ पृष्ठ ८ | काठमाडौं, मंगलबार २३ पुस २०८१ | पौष शुक्लपक्ष अष्टमी नेपाल संवत् ११४५ | TUESDAY, JANUARY 7, 2025 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

कभर स्टोरी

# कर्णालीमा ९६ प्रतिशत दूषित पानी पिउन बाध्य



नेपालको संविधानको धारा ३५ को उपधारा ४ मा 'प्रत्येक नागरिकलाई स्वच्छ खानेपानी तथा सरसफाइमा पहुँचको हक हुनेछ।' भनिएको छ नेपालको संविधानले खानेपानी तथा सरसफाइलाई मौलिक अधिकारका रूपमा परिभाषित गरेको छ। तर, ९६ प्रतिशतभन्दा धेरै नागरिक प्रदूषित पानी पिउन बाध्य छन्। प्रदेशमा चार प्रतिशत नागरिकको मात्र शुद्ध खानेपानीमा पहुँच छ।

**बिस्नप्रसाद न्यौपाने** | *वीरेन्द्रनगर*

**– को रिपोर्ट**

समाचार पृष्ठ २

### कर्णालीमा पिउने पानीको अवस्था

| | |
|---|---|
| खानेपानीको सुविधा पुगेका | ८४ प्रतिशत |
| खानेपानी सुविधाबाट बञ्चित | १६ प्रतिशत |
| जम्मा घरधुरी | ३,३६,०३७ |
| घरनजिकै धारा पुगेका | १,६२,६१९ |
| हाते पम्पबाट खानेपानी | १,६३२ |
| ढाकिएको कुवाबाट खानेपानी | ७,५७३ |
| सामान्य कुवाबाट खानेपानी | ९,२१० |
| थोपा पानीबाट खानेपानी | ४८,६९९ |
| नदीबाट खानेपानी | ४,३७६ |
| अन्य स्रोतबाट खानेपानी | १,०८० |

## कुलमानलाई सोध्यो ऊर्जाले स्पष्टीकरण



**काठमाडौं** (अन्नपूर्ण): नेपाल विद्युत् प्राधिकरणका प्रबन्ध निर्देशक कुलमान घिसिङलाई ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयले ९ बुँदे स्पष्टीकरण सोधेको छ। ऊर्जा सचिव सुरेश आचार्यले सात दिनभित्र पेस गर्ने गरी ९ बुँदे स्पष्टीकरण सोधेका हुन्। मन्त्रालयले कार्यसम्पादन सम्झौताबमोजिम अनुगमन र मूल्यांकन अधिकार रहेको भन्दै स्पष्टीकरण सोधेको छ।

घिसिङलाई सोधिएको स्पष्टीकरणमा ट्रान्सफरमर खरिदमा भएको अनियमितता, डेडिकेटेड तथा ट्रंकलाइन विवादमा गठित प्राविधिक टोलिलाई असहयोग गरेको, अघिल्लो आर्थिक वर्षको कार्यसम्पादन पुनरावलोकन नगरिएको, सञ्चालक समिति बैठकमा असहयोग गरेको भन्दै स्पष्टीकरण सोधेको छ। स्पष्टीकरणमा यसअघि मागिएको १५ बुँदे, ६ बुँदे र ३ बुँदे विवरण स्पष्ट रूपमा पेस नगरेको पनि उल्लेख छ।

» बाँकी पृष्ठ ६

## गुटबन्दीविरुद्ध एमाले एकगठ

**सुरेन्द्र काफ्ले** | *काठमाडौं*

एमालेको केन्द्रीय कमिटी बैठकमा पार्टीमा गुटबन्दी झाँगिदै गएकोमा चिन्ता व्यक्त गरिएको छ। दुई दिनदेखि जारी बैठकमा बोल्ने अधिकांश केन्द्रीय सदस्यले गुटबन्दी, अनुशासनहीनता र अवसरवादी चरित्र बढ्दै गएको गुनासो गरेका छन्। उनीहरूले माथिल्लो तहबाटै संरक्षण हुँदा पार्टीमा गुटबन्दी बढेको भन्दै गुटबन्दी अन्त्यका लागि नेतृत्वसँग आग्रह पनि गरेका छन्। माथिको गुटबन्दीले तलसम्म असर पारिरहेको उनीहरूको भनाइ छ।

'गुटबन्दी बढ्दै गएको छ,तर यसो हुनुमा माथिल्लो तह नै जिम्मेवार छ, माथिबाट संरक्षण नहुने हो भने गुटबन्दी आफैं नियन्त्रणमा आउँछ, तलकालाई गुटबन्दी गर्ने के आँट हुन्छ र,' एक पोलिटब्युरो सदस्यले भने। उनीहरूले सरकारले जनतासम्म प्रभाव पार्ने गरी काम गर्नुपर्ने सुझाव पनि दिएका छन्। 'अहिले पनि केही राम्रा काम भएका छन्, तर यो पर्याप्त छैन, अझ जनप्रिय र लोकप्रिय काम सरकारले गर्नुपर्छ, तब मात्रै पार्टीलाई साख उठ्छ,' अधिकांश केन्द्रीय सदस्यले बैठकमा भने।

एमालेका पोलिटब्युरो सदस्य विशाल भट्टराईले गुटबन्दी, सरकारका काम कारबाही, भीम रावल लगायतलाई भएको कारबाहीको विषयमा अधिकांश केन्द्रीय सदस्यले धारणा राखेको जानकारी दिए।

अधिकांशले पूर्वउपाध्यक्ष रावल माथिको कारबाहीलाई जायज भनेका छन्। केहीले भने अहिलेको अवस्थामा रावल माथि कारबाही नगरेको भए हुने धारणा पनि राखेका छन्। अधिकांशले पार्टीमा अराजकता सह्य नहुने भन्दै रावलमाथि कारबाहीको समर्थन गरेका छन्।

» बाँकी पृष्ठ ६

## छिमेकबाट फैलिँदै ह्युमन मेटान्युमो भाइरस

**दिनेश गौतम** | *काठमाडौं*


चीनबाट फैलिएको नयाँ भाइरस ह्युमन मेटान्युमोभाइरस (एचएमपीभी) को संक्रमण विस्तारले त्रास बढाएको छ। छिमेकी भारतमा तीन जना बालबालिकामा एचएमपीभी भाइरस संक्रमणको पुष्टि भएको छ।

श्वास-प्रश्वासबाट फैलने एचएमपीभी भाइरसको संक्रमणको तौरतरिका कोभिड-१९सँग मिल्दोजुल्दो रहेको जनस्वास्थ्य विज्ञहरू बताउँछन्। संक्रमितले खोकी एवं हाँच्छ्यु गर्दा र संक्रमितसँग हात मिलाउने तथा लुगाफाटोको प्रयोगले एचएमपीभी भाइरस संक्रमण फैलिरहेको पाइएको छ। सरकारी तवरबाट पूर्वतयारीमा जुट्नका लागि पूर्वजनस्वास्थ्यविज्ञहरूले सुझाएका छन्। स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका प्रवक्ता डा. प्रकाश बुढाथोकीले विश्व स्वास्थ्य संगठन (डब्लूएचओ)ले सदस्य राष्ट्रहरूलाई भाइरस संक्रमणको जोखिमप्रति सचेत रहन आग्रह गरिसकेको छैन। यद्यपि, खुला सीमा र निर्वाध आवतजावतका कारण नेपाल पनि एचएमपीभी भाइरसको जोखिम रहेको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जनाएको छ।

'छिमेकी मुलुकहरूका एचएमपीभी संक्रमण पुष्टि भइसकेको छ। हामी जोखिममा छौं,' स्वास्थ्य मन्त्रालयका प्रवक्ता डा. बुढाथोकी भन्छन्, 'ढिलोचाँडो नेपालभित्र पनि भाइरस देखिन सक्छ। भाइरसलाई फैलाउने कि नफैलाउने वा जटिल बन्न दिने/नदिने नेपाली जनतामै भर पर्छ।'

भारतमा कर्नाटक, गुजरात र बैंगलोरमा तीन जना बालबालिकामा संक्रमण पुष्टि भएको पाइएको छ। संक्रमितहरू विदेशमा यात्रा नगरेको पाइएको छ। यद्यपि, आन्द्र प्रदेश सरकार, कर्नाटक स्वास्थ्य विभागलगायतले प्रेस विज्ञप्ति जारी गर्दै कोभिड-१९ जस्तै एक व्यक्तिबाट अर्कोमा सर्ने जोखिम रहे पनि आत्तिहाल्नु नपर्ने जनाएका छन्। चीनको विदेश मन्त्रालयका प्रवक्ता माओ निङले जाडो मौसममा श्वासप्रश्वासको संक्रमण उच्च भएको उल्लेख गर्दै चीनमा यात्रा कुनै जोखिम नरहेको जनाएका छन्।

» बाँकी पृष्ठ ६



### लक्षणहरू

- खोकी लाग्ने
- ज्वरो आउने, नाक बन्द हुने
- सास फेर्न गाह्रो हुने
- निमोनिया र ब्रोन्कियोलाइटिस हुने

